नेपाल सरकार

गृह मन्त्रालय

# अध्यागमन विभाग

प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७७/७८
चलानी नं. २६७

मिति २०७७।०६।२१

विषयः नेपाल आगमन स्वीकृति बारे ।

श्री अध्यागमन कार्यालय,
त्रि.अ.वि.,गौचर, काठमाण्डौ ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ रोकथाम,नियन्त्रण र उपचार सम्बन्धमा नेपाल सरकार मन्त्रिपपरिषद्को मिति २०७७।०५।०४ को बैठकद्धारा जारी गरिएको आदेश बमोजिम देहायका नागरिकहरुलाई मात्र नेपाल आगमनको स्वीकृति दिईएको व्यहोरा नेपाल सरकार मन्त्रिपरिषदको २०७७।०५।०४ को निर्णय नं.११ क, २०७७।०५।१४ को निर्णय नं.१४ र ४ र २०७७।०५।१९ को निर्णय नं.४ बमोजिम जानकारी तथा आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

१.नेपाल आउन अनुमति भएका नेपाली नागरिक र सम्बन्धित कुटनीतिक नियोगको सिफारिशमा एकाघरका आफन्तको मृत्यु भई वा गम्भिर उपचारका लागि नेपाल आउनै पर्ने अवस्थाका गैर आवासीय नेपाली तथा नेपालस्थित विदेशी नियोगका कूटनीतिज्ञ तथा कर्मचारी, संयुक्त राष्ट्रसंघ, विकास साझेदार संस्थाका कर्मचारी तथा प्रतिनिधि ।

२.सम्बन्धित कूटनीतिक नियोगको सिफारिशका आधारमा नेपाली लगानीकर्ता र उच्च प्राविधिक जनशक्ति (पाईलट,ईन्जिनियर लगायत) लाई नेपाल आउन अनुमति दिने ।

३.नेपालमा अध्ययन गर्न र परीक्षा दिन आउनुपर्ने विदेशी विद्यार्थीलाई ७२ घण्टा भित्रको पिसिआर नेगेटिभ भएको प्रमाणपत्र, सम्बन्धित शिक्षण संस्थामा आवेदन वा भर्ना प्रमाणका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा नेपाल आउन अनुमति दिने ।

(रामचन्द्र तिवारी)
निर्देशक